आज मिति २०७६/१२/०७ गतेका दिन बिहान ७ :३० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री हिरा सिंह पालती | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८ | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९) | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०) | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१) | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२) | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३) | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४) | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५) | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७) | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८) | श्री रिप्नी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९) | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०) | श्री नारायण प्रसाद सापकोटा | सदस्य सचिव | |
| ३१) | | | |
| ३२) | | | |
| ३३) | | | |
| ३४) | | | |
| ३५) | | | |

**छलफलका विषयहरु :-**

१. धनगढी उप-महानगरपालिका को आ.व. ०७५/०७६ को प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी निर्णय गरी प्रतिक्रिया प्रेषित गर्ने सम्बन्धमा ।

२. कोरोना भाईरसको संक्रमण विरुद्ध अभियान संचालन गर्न आवश्यक बजेट समेत रकमान्तर गरी कार्यक्रम अगाडी बढाउने सम्बन्धमा ।

३. शिक्षा महाशाखाबाट प्रस्तावित आयोजना समर्थन गर्ने सम्बन्धमा ।

४. विविध ।

**निर्णयहरु :-**

उल्लिखित प्रस्ताव नं. १ उपर छलफल गर्दा सम्मानित महालेखा परीक्षकको कार्यालयबाट खटिएको डोर बाट नगरपालिकाको आ.व. ०७५/०७६ को विनियोजन, राजस्व र धरौटी लगायत सम्पूर्ण आर्थिक कारोबार र वित्तिय विवरण उपर महालेखा परीक्षकको डोर प्रमुख सहितको डोर मुकाम धनगढी कैलालीले दिएको मिति २०७६/११/१४ च.न. ०४ को पत्रानुसारको प्रतिक्रिया प्राप्त भयो । साथै सो पत्र सहितको प्रतिक्रिया नगर- कार्यपालिकाको कार्यालयमा मिति २०७६/११/१५ दर्ता नं. १७५१ मा दर्ता भएको छ । सो सम्बन्धमा निम्न बमोजिम निर्णय गरियो ।

**तपसिल :-**

**निर्णय नं. १:-** महालेखा परीक्षकको कार्यालय (डोर मुकाम,धनगढी, कैलाली) बाट आ.व. ०७५/०७६ को अन्तिम लेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन उपर दफावार छलफल गरी निम्न निष्कर्ष सहित निर्णय गरी संपरीक्षण गर्न प्रतिक्रिया सहित सम्मानित महालेखा परीक्षकको कार्यालय (डोर मुकाम, धनगढी, कैलाली) मार्फत महालेखा परीक्षकको कार्यालय काठमाण्डौ मा संपरीक्षणको लागी पठाउने निर्णय गरियो । साथै प्रमाण सहित फर्छयौट गर्न प्रमुख प्रशासकीय अधिकृत लाई प्रतिक्रिया सहित सम्बन्धित निकायमा प्रतिक्रिया प्रेषित गर्न अख्तियारी प्रदान गरियो ।

क) जनप्रतिनिधी, पदाधिकारीहरुको पारिश्रमिक कर भनी देखाइएको असुल गर्नु पर्ने भनी लेखिएको रकम सम्बन्धमा जनप्रतिनिधी, पदाधिकारीहरुले प्रत्येक आ.व. ०७३/०७४ र ०७४/०७५ को पृथक, पृथक पारिश्रमिक तोकिएको र भुक्तानी मात्र एक मुष्ट बुझेकोमा पृथक, पृथक आर्थिक वर्षको प्रचलित कानून अनुसार पृथक, पृथक आय मानी सोका आधारमा पारिश्रमिक कर तोक्नु पर्ने देखी सोही अनुसार गर्न गराउन निर्णय गरियो ।

ख) विभिन्न योजना र कार्यक्रमको असुल उपर गर्ने भनी लेखिएको बेरुजुको हकमा प्रमाण, तथ्यका आधारमा संपरीक्षण गर्न प्रतिक्रिया प्रेषित गर्ने निर्णय गरियो ।

ग) कागजात नपुगेकोमा कागजात र प्रमाणहरु पुर्‍याई संपरीक्षण गरि दिन हुन निर्णय गरियो ।

**निर्णय नं. २ :-** संक्रमणको जोखिमलाई विष्लेषण गरी कोरोना भाईरस नियन्त्रण व्यवस्थानको लागी साविक नगर सभाबाट विनियोजित विभिन्न शिविर संचालनमा विनियोजित बजेट रकम रु. २०,००,०००|- (अक्षरुपी बिस लाख) मध्ये रु. १०,००,०००|- (अक्षरुपी दश लाख) मात्र कोरोना भाईरस नियन्त्रण र व्यवस्थापनको लागी रकमान्तर गर्ने निर्णय गरियो । साथै बाकी रु. १०,००,०००|- (अक्षरुपी दश लाख) बाट विभिन्न स्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** वडा नं. १४ को वैठक कक्षको लागी सोही भवनको माथिल्लो तलाको वैठक कक्षको लागी २०७६ श्रावण १ देखी २०७७ अषाढ मसान्त सम्मको मासिक रु. २०००।- (अक्षरुपी दुई हजार) (कर सहित) रकम भुक्तानी गर्न अख्तियारी प्रदान गरियो ।

**निर्णय नं. ४ :-** यस उप-महानगरपालिका अन्तर्गत राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पेश भएका विद्यालयका प्रस्तावहरु स्वीकृत गरी शिक्षा तथा मानव श्रोत विकाश केन्द्र सानोठिमी भक्तपुर लाई प्रेषित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** साक्षर नगरपालिका घोषणा गर्नको लागी २०७६/१२/२० सम्म प्रत्येक वार्ड साक्षर घोषणा गरी नगरपालिकामा पेश गर्ने र यसै महिनाको मसान्त सम्म नगरपालिकाले साक्षर नगरपालिका घोषणा गरी सक्ने निर्णय गरियो।

**निर्णय नं. ६ :-** यस उप - महानगरपालिका अन्तर्गत वडा नं. १५ का वडा अध्यक्षलाई यस पूर्व उपचार खर्च रु. ३५,०००।- (अक्षरुपी पैतिस हजार) उपलब्ध गराउने निर्णय भएको उपचार गरेको विल भर्पाईको आधारमा थप रु. १६,००० (अक्षरुपी सोह्र हजार) उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतको संघिय सरकारको खातामा फिर्ता गर्नु पर्ने रकम बजेट शिर्षक नं. २११११२ बाट बजेट शिर्षक संकेत नं. २८२१९ मा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** शिवनगर लाल व. देउवाको घर नजिक सार्वजनिक खानेपानी पाईप विस्तार गर्न रु. ८०,०००।- (अक्षरुपी असी हजार) मात्र दिने निर्णय गरियो । साथै श्रोतको हकमा विविध योजना शिर्षकबाट लेख्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :-** वेली नगर स्वास्थ्य पर्वद्धन केन्द्र मा गहिरो नल्का निर्माण गर्न रु १,१०,०००।- (अक्षरुपी एक लाख दस हजार) विनियोजन गरी बजेट श्रोतको हकमा विविध योजना खर्च शिर्षकबाट भुक्तानी लेख्ने निर्णय गरियो ।

**निर्णय नं. १० :-** यस धनगढी उप- महानगरपालिकाको मिति २०७६।१०।१७ को निर्णयानुसार यस उप-महानगरपालिका, योजना तथा प्राविधिक महाशाखामा कार्यरत स्थायी तथा करार सेवामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन भत्ता (१५%) र फिल्ड भत्ता (३0%) एकिकरण गरी एकुमष्ट रुपमा ४५% थप भत्ता उपलब्ध गराउने ।

**निर्णय नं. ११ :-** २०७६।१०।१७ को निर्णयानुसार तपसिल वमोजिमको योजनाहरुको रकम विनियोजन भएकोमा उक्त रकम भैपरी पूंजीगत शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

- कालिका मन्दीर प्राङ्गणमा ट्रष्ट निर्माण - ७,००,०००।
- भैरववावा आधारभुत विद्यालय भवन निर्माण - ८,००,०००।
- सशस्त्र प्रहरी वलको भौतिक संरचना ट्रष्ट निर्माण - ५,००,०००।

**निर्णय नं. १२ :-** फुलवारी वार्ड नं.१९Children Park निर्माणको कामको गत आ.व.२०७५।०७६ मा सघीय सरकार विशेष अनुदानवाट ठेक्का पट्टा भई काम शुरु भएकोमा यस आ.व.मा उक्त योजनामा संघीय सरकारवाट बजेट व्यवस्था नभएकोले उक्त योजनाको भुक्तानीका लागि तपसिल योजना परिवर्तन गरी Children Park मा खर्च गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | साविक योजना | रकम | परिवर्तन गर्नुपर्ने | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | बेली समैजी मन्दिर मर्मत | ९०,०००। | वेली समैजी मन्दीर को घेरवार (पर्खाल) निर्माण गर्ने काम | ९०,०००। | |
| २ | चन्द्र टमटाको घरदेखि दक्षिण शान्तिनगर पक्की नाली निर्माण | ४,००,०००। | नालीको ढक्कन निर्माण | ४,००,०००। | |
| ३ | विकम सिंह को घर देखि सरुपा गिरिको घरसम्म कालोपत्रे सडक निर्माण | ५,००,०००। | यदु आचार्यको घरदेखि सरुपा गिरिको घरसम्म ब्लक लगाउने । | ५,००,०००। | वाटो साघुरो भएकोले कालोपत्रे गर्न नसकिने |